नेपाल सरकार

शिक्षक सेवा आयोग

सानोठिमी, भक्तपुर

फोन नं. ०१-६६३८१५१
०१-६६३७८७३

पत्र संख्याः
चलानी नं.:

प्रेस विज्ञप्ति

सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत दरबन्दी अनुसार रिक्त शिक्षक तथा कर्मचारी पदको नियुक्ति तथा त्यस्तो पदमा नियुक्त शिक्षक तथा कर्मचारीको बढुवाको लागि सिफारिस गर्न गठित शिक्षक सेवा आयोगले शिक्षा ऐनको दफा ११ञ. बमोजिम आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेस गर्नुपर्ने प्रावधान रहेको छ।

उल्लिखित प्रावधान बमोजिम शिक्षक सेवा आयोगको अठारौं वार्षिक प्रतिवेदन (आ. व. २०८२।८३) शिक्षा तथा खेलकुद मन्त्रालयमा एक विशेष कार्यक्रमका बीच माननीय शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलज्यू समक्ष शिक्षक सेवा आयोगका अध्यक्ष डा. हरिप्रसाद लम्सालले पेस गर्नुभयो। प्रतिवेदन ग्रहण गर्दै माननीय मन्त्रीज्यूले आयोगले महत्वपूर्ण कार्यहरू सम्पादन गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो।

आर्थिक वर्ष २०८२/८३ मा आयोगबाट सम्पादित प्रमुख कार्यहरू, समग्र गतिविधि, उपलब्धि, कार्यसम्पादनका क्रममा देखिएका समस्या तथा चुनौतीहरू र आगामी कार्यदिशा समेत प्रतिवेदनमा प्रस्तुत गरिएको छ।

प्रतिवेदन पेस गर्न आयोजित कार्यक्रममा आयोगका अध्यक्ष तथा सदस्यहरू, मन्त्रालयका सचिव, मन्त्रीज्यूका प्रमुख सल्लाहकार, मन्त्रालयका सहसचिवहरू, आयोगका प्रशासकीय प्रमुख तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो।

परशुराम तिवारी

प्रवक्ता एवम् उपसचिव

मितिः २०८३।७।१८
नेपाल संवत् ११४६